वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग

# जिल्ला वन कार्यालय, झापा

# जिल्ला वन पैदावार आपूर्ति समिति, झापा

जिल्ला वन पैदावार आपूर्ति समिति, भद्रपुर, झापा

प. सं.: २०७३/०७४ (आपूर्ति)

च.नं.:

मिति : २०७३।०८।१४

२०७३।८।१४

**विषय :- सूचना सूचना सूचना ।**

उपरोक्त विषयमा झापा जिल्लामा वन क्षेत्र अत्यन्त न्यून रहेको र सोही अनुपातमा काठ दाउराको उत्पादन समेत न्यून रहेको, जिल्लाको सवैजसो वन क्षेत्र सा.व.को रुपमा हस्तान्तरण भएको र जिल्ला वन पैदावार आपूर्ति समितिवाट विकी वितरण गरिने काठ दाउरा जिल्ला वन कार्यालयको आफ्नै उत्पादन नभई सामुदायिक वनले स्वीकृत कार्ययोजना वमोजिम उत्पादन गरी यस समिति मार्फत टाढाका उपभोक्ताहरुलाई वितरण गर्न उपलव्ध गराइएको काठ दाउरा भएको व्यहोरा सर्वविदितै छ । उपरोक्त सन्दर्भमा घरकाज/विकास निर्माण प्रयोजनको लागि यस आर्थिक वर्षमा यस समिति मार्फत आपूर्ति गरिने काठको माँग निवेदन दर्ता सम्वन्धमा यस समितिको मिति २०७३।०६।१९ मा बसेको वैठकले **"यस समितिको कार्ययोजना २०७३ वन विभागवाट स्वीकृत भएर प्राप्त भएपछि मात्र मिति २०७४ वैशाख मसान्त सम्म यस समितिमा दर्ता गर्ने र सोको लागि सम्वन्धित सरोकारवालाहरुलाई समयमै जानकारी गराउने"** निर्णय भएको हुदा र उक्त कार्ययोजना वन विभाग,ववरमहल,काठमाण्डौंवाट मिति २०७३।०८।०१ मा स्वीकृत भएर मिति २०७३।०८।०६ मा यस समितीमा प्राप्त भइसकेकोले उपरोक्त वमोजिम हुनको लागि सर्वसाधारण सवै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।